आज मिति २०८२/०३/०४ गते दिउसो १:०० बजे ढोरपाटन नगरपालिकाको कार्यालयमा नगर कार्यपालिकाको बैठक कार्यवाहक नगर प्रमुख श्री धन बहादुर कायत ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा तपसिलको निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम थर | पदाधिकारी | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | धन बहादुर कायत | का.वा.नगर प्रमुख | अध्यक्ष | |
| २. | बान बहादुर छन्त्याल | वडा नं.१ अध्यक्ष | सदस्य | |
| ३. | भेक बहादुर खत्री | वडा नं.२ अध्यक्ष | सदस्य | |
| ४. | खिम बहादुर सुनार | वडा नं.३ अध्यक्ष | सदस्य | |
| ५ | तिलक पुन | वडा नं.४ अध्यक्ष | सदस्य | |
| ६ | दिपेन्द्र पुन मगर | वडा नं.५ अध्यक्ष | सदस्य | |
| ७ | उमेश कुमार बुढा मगर | वडा नं.६ अध्यक्ष | सदस्य | |
| ८ | धन बहादुर अदै | वडा नं.७ अध्यक्ष | सदस्य | |
| ९ | भद्रमणी सुनार | वडा नं.८ अध्यक्ष | सदस्य | |
| १० | खिम बहादुर घर्ति मगर | वडा नं.९ अध्यक्ष | सदस्य | |
| ११ | बिमला महत | कार्यापालिका सदस्य | सदस्य | |
| १२ | निम कुमारी भण्डारी | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | तुलसरी वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | खगीसरा कायत | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | इन्द्र कुमारी सिर्पाली | कार्यपालिका सदस्य | सदस्य | |
| १६ | दिलिप कुमार थापा | कार्यपालिका सदस्य | सदस्य | |
| १७ | कुल बहादुर छन्त्याल | कार्यपालिका सदस्य | सदस्य | |
| १८ | नविन शेरचन | कार्यपालिका सदस्य | सदस्य | |
| १९ | चिरन्जिवि घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

आमन्त्रित :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सूर्य बहादुर वि.क. | लेखा अधिकृत | |
| २. | श्री प्रकाश गैरे | प्रशासकीय अधिकृत | |
| ३. | श्री कृष्ण प्रसाद गौतम | आ.ले.प. अधिकृत | |
| ४. | अञ्जु कुँवर | स.प्रशासकीय अधिकृत | |

CamScanner

नगरकार्यपालिकाको बैठकको निर्णय २०८२/०३/०४ गते

निर्णय नं. १ — ढोरपाटन नगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम "ढोरपाटन नगरपालिकाको डिजिटल प्रोफाईल निर्माण" को लागि यस कार्यालय र परामर्शदाता जेलवेल इन्नोभेसन प्रा.लि. काठमाण्डौ बीच मिति २०८१/०७/१३ गते रु. १८,९६,९७०.५५।—(भ्याट सहित) सम्झौता भएको र हाल नीजले पेश गरेको प्रतिवेदन कार्यपालिकामा छलफल भएकोले सो रिपोर्ट स्वीकृत गर्ने र सम्झौता अनुसारको रकम नीज परामर्शदाता लाई (वार्षिक नविकरण शुल्क सम्झौता रकमको १०% हुने गरि) भुक्तानी दिने ।

निर्णय नं. २ — ढोरपाटन नगरपालिका वडा नं.२ को अर्नाकोट जाने क्रममा बोलेरो पिकअप जीप वडा नं.५ अस्तु बतासेडाडामा दुर्घटना भई गम्भिर घाईतेको अस्पतालमा उपचार गराइराखेको र नीजहरुको आर्थिक अवस्था दयनिय रहेकोले ६ जनालाई रु.५,००,०००।— (पाँच लाख) आर्थिक सहायता बाट आगामी वर्षको कार्यपालिकाले निर्णय गरि भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३ — ढोरपाटन नगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत वार्षिक कार्यक्रम बमोजिम अस्तु, मस्ति, जगबडा पर्यटन पदमार्गको लागि डिपिआर तयार गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ बमोजिम मिति २०८१/०९/२४ गते यस कार्यालय र परामर्शदाता रेड ह्वाक ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. काठमाण्डौ बीच रु.८,८०,०००।—(भ्याट सहित) मा सम्झौता भएको र सोहि बमोजिम कार्य सम्पन्न भई सो को रिपोर्ट कार्यालयमा पेश गरेकोले स्वीकृत गरि बिल बमोजिमको रकम रु.८,८०,०००।- भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४ — ढोरपाटन नगरपालिकाको आ.व.२०८२/०८३ को नीतिगत निर्णय यस बैठकमा छलफल भएकोले स्वीकृत गरि मिति २०८२/०३/०५ गते संचालन हुने नगरसभामा पेश गर्ने र सभामा सो नीतिगत निर्णय पूर्वाधार विकास समितिका संयोजक श्री धन बहादुर अर्दे ज्यू ले पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ — ढोरपाटन नगरपालिकाको आ.व.२०८२/०८३ को आय प्रक्षेपण तपसिल बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः-

| शीर्षक नं. | खर्च शीर्षक | आ.व.०८२/०८३ को अनुमानित | |
|---|---|---|---|
| | संघीय सरकार | | |
| | सशर्त अनुदान | २८०९०० | |
| | समानिकरण | १०६७०० | |

धन बहादुर कार्की
का.वा.नगर प्रमुख

नगरकार्यपालिकाको बैठकको निर्णय २०८२/०३/०४ गते

| | | |
|---|---|---|
| | समपुरक | ८७०० |
| | विशेष | १९००० |
| | **प्रदेश सरकार** | |
| | सशर्त अनुदान | २०० |
| | समानिकरण | १२६३८ |
| | समपुरक | ६००० |
| | विशेष | ४००० |
| | **राजश्व बाडफाड** | |
| | संघीय सरकार | ११२२०० |
| | प्रदेश सरकार | ११९१५ |
| | **स्थानीय राजश्व वाडफाड मालपोत** | ७४४९ |
| | **आन्तरिक आय** | २१५०० |
| | **अल्या** | १५००० |
| | जम्मा | ६०७२०० |

<u>निर्णय नं. ६ —</u> ढोरपाटन नगरपालिकाको आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आएकोले यस बैठकमा थप छलफल सहित स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम स्वीकृत गरि मिति २०८२/०३/०५ गते संचालन हुने नगरसभामा पेश गर्ने र सभामा सो वार्षिक नीति तथा कार्यक्रम सामाजिक विकास समितिका संयोजक श्री नविन शेरचन ज्यू ले पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७ —</u> ढोरपाटन नगरपालिकाको आ.व.२०८२/०८३ को लागि तपसिल बमोजिमका विधेयक यस बैठकमा छलफल भएकोले स्वीकृत गरि मिति २०८२/०३/०५ गते संचालन हुने नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

क) ढोरपाटन नगरपालिकाको आर्थिक विधेयक, २०८२ (सभामा प्रस्तुत- सुशासन तथा संस्थागत विकास समितिको संयोजक श्री खिम बहादुर घर्ति)

<u>निर्णय नं. ८ —</u> ढोरपाटन नगरपालिकाको आ.व.२०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम, वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आएकोले यस बैठकमा छलफल सहित स्थानीय

ढोरपाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्तिबाङ, बागलुङ गण्डकी प्रदेश, नेपाल

CS CamScanner

नगरकार्यपालिकाको बैठकको निर्णय २०८२/०३/०४ गते

सरकार संचालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम स्वीकृत गरि मिति २०८२/०३/०५ गते संचालन हुने नगरसभामा पेश गर्ने र सभामा सो ढोरपाटन नगरपालिकाको विनियोजन विधेयक, २०८२ संगै वार्षिक बजेट तथा कार्यक्रम का.वा. नगर प्रमुख श्री धन बहादुर कायत ज्यू ले प्रस्तुत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ९ –</u> ढोरपाटन नगरपालिका भित्र जग्गा खरिद विक्रि र हक हस्तान्तरणको लागि जग्गाको मुल्य असुहाउदो भएकोले वडा, टोलको नाम उल्लेख गरि स्थानीय चलन चल्ति र सरकारी दरलाई मध्यनजर गरि न्यूनतम जग्गाको मुल्याङकन गरि ५ दिन भित्र पालिकामा पठाउन वडालाई पत्राचार गर्ने र प्राप्त भएको सो मुल्याङकनलाई एकीकृत गरि मालपोतमा सिफारिस गरि पठाउने ।

<u>निर्णय नं. १० –</u> ढोरपाटन स्थीत बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा मिति २०७७/०४/०२ गते ~~देखि का.स. पदमा कार्यरत जुना पौडेल कडेल २०८१/११/१२ गते सडक दुर्घटनामा परी मृत्यु~~ भएकोले नीजको मिति २०८१/१०/०१ देखि २०८१/११/१२ गते सम्मको तलब भत्ता बाकि रहेको हुदा हाजिरि र मृत्यु दर्ताको आधारमा नीजको पति नेत्रलाल कडेललाई बैंकमार्फत भुक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं. ११ –</u> ढोरपाटन नगरपालिका स्थीत नेपाल आदिवासि जनजाति महासंघले यस न.पा.को ९ वटै वडामा जनजाति सचेतनामुलक कार्यक्रम संचालन र नेपाल छन्त्याल संघको राष्ट्रिय महाधिवेशन पनि सम्पन्न गरेवापतको रकम माग गरेकोले नीजलाई आर्थिक सहातया शीर्षकबाट रु.३०,०००।– (तीस हजार) भुक्तानि दिने निर्णय गरियो ।

<u>निर्णय नं. १२ –</u> ढोरपाटन नगरकार्यपालिकाको मिति २०८१/१२/१८ गतेको बैठकको निर्णय नं.३.११ बमोजिम ढोरपाटनको समग्र पर्यटन र संस्कृति प्रवर्धनको लागि मौलिक फिल्मिस प्रा.लि. अनामनगर काठमाण्डौलाई रु. १,००,०००।– (एक लाख) दिने निर्णय बमोजिम मिति २०८१/१२/२७ गते यस कार्यालय र उक्त फिल्मिस प्रा.लि. संग सम्झौता भई मिति २०८१/०१/०४ गते कार्यक्रम सम्पन्न गरि भुक्तानी माग गरेकोले रु. ८०,०००।– रकम आर्थिक सहायता शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो

<u>निर्णयन नं. १३</u> ढोरपाटन नगरपालिका वडा नं.४ निवासी तपसिल बमोजिमका नागरिकहरु विरामि भई उपचार गर्नको लागि कमजोर आर्थिक अवस्थाको कारण समस्या रहेकोले भनि वडा कार्यालयबाट सिफारिस भएकोले नीजलाई आर्थिक सहायता शीर्षकबाट भुक्तानी दिने ।

तपसिलः-

क) विष्णु प्रसाद वि.क.:- रु.५०,०००।–

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

CS CamScanner

नगरकार्यपालिकाको बैठकको निर्णय २०८२/०३/०४ गते

ख) यमकान्त गैरः- रु. ५०,०००।—

निर्णय नं. १४ — ढोरपाटन नगरपालिकाको आ.व. २०८१/०८२ मा सम्पन्न भएका तपसिल बमोजिमका आयोजनाहरुको प्राविधिक प्रतिवेदन सहित भुक्तानीको लागि पेश भएकोले भुक्तानी दिई फरफारक गर्ने निर्णय गरियो ।

क) झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत गहुँखेत चिनिखोला ट्रस्ट पुल निर्माण (वडा नं.४):- रु.९,१४,२६२.६६।— (नगरपालिका समपुरक कोष बाट रु. ३,१४,४७३.०९)

ख) ढोरपाटन तल्लोचौर ग्राउण्ड होमपाईप संरक्षण (वडा नं.९):- रु.७५,०००।—

निर्णय नं. १४ — ढोरपाटन नगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको शीर्षकमा रकम अपुग भएकोले/शीर्षक फरक भई कार्यसम्पन्न भएका योजना तथा कार्यक्रमहरुको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ बमोजिम रकामान्तर गरि फरफारकको लागि आगामि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः-

| क्र.स | साविक योजना/कार्यक्रम | बजेट रु. | क्र.स | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|---|---|
| १ | इन्धन हेवि इक्विपमेन्ट इन्धन खर्च | १५,००,००० | १ | वडा नं.५ वडा कार्यालय प्रशासनिक खर्च | १,००,००० |
| | | | २ | ढोरपाटन नगरपालिकाको डिजिटल प्रोफाईल निर्माण | ५,००,००० |
| २ | पुर्कोट बालशिक्षा भित्तेलेखन तथा व्यवस्थापन वडा नं. ३ | ५०,००० | ३ | श्री देउराली बाल विकास केन्द्र व्यवस्थापन वडा नं.३ | ५०,००० |
| ३ | सरस्वति मा.वि.कक्षा फर्निचर व्यवस्थापन (वडा नं.९) | ३,००,००० | ४ | सरस्वति मा.वि. फिल्ड कटिङ्ग २ कोठे भवन रंगरोगन, ग्रील, मेशिनरी वाल निर्माण | ३,००,००० |
| ४ | वडा नं.२ क्रमागत वडा कार्यालय भवन निर्माण को लागि ठेक्का सम्झौता भई बाकि रहेको रकम | ४,५०,००० | ५ | अर्नाकोट मा.वि. रंगरोगन तथा घेराबार (वडा नं.२) | ४,५०,००० |

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

CamScanner

नगरकार्यपालिकाको बैठकको निर्णय २०८२/०३/०४ गते

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ढोरपाटन तल्लो चौर पार्क निर्माण वडा नं.९ | ५,५०,००० | ६ | क) छेन्तुङ जोड्ने गोरेटोबाटो निर्माण वडा नं.६ | ५,००,००० |
| ६ | उर्लेनी पुर्कोट खानेपानी मर्मत वडा नं.३ | १,५०,००० | | ख) घाट निर्माण तथा पहिरो पन्छाउने कार्य वडा नं.३ | २,००,००० |
| ७ | बुढाथोक सुख्खा वाल तटबन्धन वडा नं. ५ | १,००,००० | ७ | सेरा कुत्थाप्ला खलबाङ सडक सरसफाई/मर्मत वडा नं.२ | १,००,००० |
| ८ | विपद व्यवस्थापनको लागि पानी टयाङकर खरिद | २,५०,००० | ८ | थुङरखोला मोटरबाटो ट्रयाक निर्माण वडा नं.७ | ४,००,००० |
| ९ | विभिन्न योजनाहरुको कन्टेन्जेन्सी शीर्षक बाट | १,५०,००० | | | |
| १० | पारिश्रमिक कर्मचारी-नगरपालिका स्थायी | २५,००,००० | ९ | पत्रपत्रिका सुचना विज्ञापन छपाई तथा प्रकाशन खर्च | २,००,००० |
| | | | १० | नगरसभा संचालन खर्च | २,००,००० |
| | | | ११ | भ्रमण खर्च | ५,००,००० |
| | | | १२ | विविध खर्च | ५,००,००० |
| | | | १३ | पदाधिकारी बैठक भत्ता | २,००,००० |
| | | | १४ | प्राविधिक फिल्ड भत्ता | ३,००,००० |
| | | | १५ | कम्प्युटर/ल्याप्टप खरिद | ३,००,००० |

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

CamScanner